# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**केराबारी, मोरङ**

**प्रदेश नं १, नेपाल**

प.सं.०७८/०७९

च.नं.

मिति:२०७८।१२।१३

**गत वर्ष फारम भर्न छुट भएका भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्वन्धी १० दिने सूचना ।**

प्रस्तुत विषयमा राष्ट्रिय भूमि आयोगवाट प्रकाशित सूचना वमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई जग्गा उपलव्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रथम चरणमा अघिल्लो बर्षमा नै यस गाउँपालिकाको १० वटै वडामा भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको लगत संकलन भइसकेको सर्वविदितै छ, उक्त लगत संकलनमा निवेदन दिन छुट भएकाहरुले मात्र तपसिल वमोजिमको प्रमाण र कागजात संलग्न गरि मिति २०७८।१२।१६ गते देखि २५ गते सम्म राष्ट्रिय भूमी आयोगले तोकेको ढाँचामा केराबारी गाउँपालिका वडा नं. ८ मा रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सेवा केन्द्रमा निवेदन दर्ता गराउनहुन संवन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपसिल</u>

क. <u>भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा</u>

१. नागरिकता प्राप्त परिवारको सबै सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र परिवारमुली र निजको पति/पत्निको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १/१ प्रति ।

२. उपभोगको प्रमाण संवन्धी कागजातको प्रतिलिपि ।

३. आफुसँग भएका अन्य प्रमाण जस्तैः घरसारको कागजको प्रतिलिपि, मतदाता परिचयपत्र, विद्युत/पानीको महसुल वुझाएको प्रमाण ।

४. उपलव्ध अन्य प्रमाण ।

५. नेपालभरि कुनै एक स्थानीय तहवाट मात्र फर्म भर्नुपर्ने ।

ख. <u>अव्यवस्थित बसोबासीको हकमा</u>

१. नागरिकता प्राप्त परिवारको सबै सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र परिवारमुली र निजको पति/पत्निको हालसालै खिचिएको पासपोर्ट साइजको फोटो १/१ प्रति ।

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०

# केराबारी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### केराबारी, मोरङ

### प्रदेश नं. १, नेपाल

प.सं.०७८/०७९

च.नं.

२. आफु र परिवारका सदस्यका नाममा अन्यत्र रहेका सवै जग्गाको पुर्जाको प्रतिलिपि र संवन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मुल्याङ्कन संवन्धि स्थानीय तहको पत्र ।

३. आफुसँग भएका अन्य प्रमाण जस्तैः घरसारको कागजको प्रतिलिपि, मतदाता परिचयपत्र, विद्युत/पानीको महसुल बुझाएको प्रमाण ।

४. उपभोगको प्रमाण संवन्धि कागजातको प्रतिलिपि ।

५. भूमि ऐन, २०२१ को आठौं संशोधन जारी भएको मिति २०७६ साल माघ २८ गतेभन्दा १० वर्ष अघिवाट निज बसोवास गरी आएको जग्गा आवाद कमोद भइ आएको भनी वडा समितिले गरेको सिफारिस र निर्णय ।

६. नेपालभरि कुनै एक स्थानीय तहवाट मात्र फर्म भर्नुपर्ने ।